# रास्कोट नगरपालिकाको शिक्षा ऐन, २०७४

नगरसभाबाट स्वीकृत मिति :- २०७४।१२।२६

सम्बत २०७४ सालको ऐन नं. ७

प्रस्तावनाः प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, “नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८” तथा “स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) वमोजिम रास्कोटनगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१)यस ऐनको नाम “रास्कोट नगरपालिकाको शिक्षा ऐन, २०७४”रहेको छ ।

(२) यो ऐनरास्कोट नगरपालिका भर लागू हुनेछ ।

(३) यो ऐन रास्कोट नगरपालिकाको राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले रास्कोट नगरपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले रास्कोट नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) “कोष” भन्नाले दफा २५ वमोजिम शैक्षिक कार्यक्रम संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(घ) “नगरपालिका” भन्नाले रास्कोट नगरपालिकालाई सम्झनुपर्छ ।

(ङ) “नगर सभा” भन्नाले रास्कोटनगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले रास्कोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) “शिक्षा शाखाप्रमुख ” भन्नाले रास्कोट नगरकार्यपालिकाले शिक्षा क्षेत्रको जिम्मा दिएको व्यक्तिलाइ सम्झनु पर्छ ।

(ज) “बाल विकास केन्द्र” भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल विकास केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ ।

(झ) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल विकास शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ञ) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ट) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ठ) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ड) ”शिक्षा समिति” भन्नाले रास्कोट नगरपालिकाको नगर शिक्षा समिति सम्झनु पर्छ ।

(ढ)”विद्यालय व्यवस्थापन समिति” भन्नाले विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने कामसमेत गर्नका लागि बनेको समितिलाई सम्झनुपर्छ ।

(ण)”समायोजन” भन्नाले दुई वा दुईभन्दा वढी विद्यालय वा कक्षा लाई एउटै विद्यालय वा कक्षामा गाभ्ने प्रकियालाई सम्झनुपर्छ ।

(त)"मन्त्रालय" भन्नाले प्रादेशिक तहमा स्थापना भएको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(थ) "संघीय मन्त्रालय" भन्नाले संघीय तहमा स्थापना भएको शिक्षा, खेलकुद्, विज्ञान तथा प्रविधि हेर्ने संघीय शिक्षा मन्त्रालय भन्ने सम्झनुपर्छ ।

(द). "विद्यार्थी कल्याण" भन्नाले विद्यार्थी हितसँग सम्बन्धित कार्यलाई सम्झनु पर्छ ।

(ध) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. माध्यमिक शिक्षाको प्रकार: माध्यमिक तहको शिक्षा देहायका प्रकारका हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा

(ख) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

(ग) संस्कृत माध्यमिक शिक्षा

४. शिक्षाको माध्यम:

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) आधारभूत तह (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ,,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्नसक्नेछ,

(ग) भाषा विषयमा अध्ययन अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषाहुनेछ,

५. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

६. **विद्यालय संचालन गर्न अनुमति लिनुपर्ने:**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित नगर कार्यपालिका समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर नगर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा नगर शिक्षा समितिको सिफरिसमा नगरकार्यपालिकाले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित आवेदन पेश गर्ने छ र माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(५) प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद द्धारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माद्यमिक शिक्षा (टि-एसइइ) सञ्चालनका लागि कुनै सामुदायिक माद्यमिक विद्यालयले आवेदन गरेमा शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनु अघि परिषदद्धारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य शिक्षा समितिले गर्नुपर्ने छ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाईसञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा तोकिए बमोजिम गर्नुपर्नेछ :-

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा नगरपालिका प्रमुख समक्ष आवेदन दिनु पर्ने छ । नगर कार्यपालिकाबाट सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्थाशिक्षा समितिले तोके बमोजिम हुनेछन् ।

(१०) माथि उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृतिदिइने छैन ।

(११) यस अघि दर्ता भएका विद्यालय सम्वन्धि व्यवस्था : यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम संचालन भएका मानिनेछन् । तर यस अघि संचालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

७. **<u>विद्यालयका सञ्चालनः</u> विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।**

८. **<u>धरौटी राख्नु पर्नेः</u>** संस्थागत विद्यालय खोल्ने अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

(क) माध्यमिक विद्यालयको लागि तीन लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ,

तर, बिशेष आवश्यकता भएका विद्यार्थीका लागि  यस्तो विद्यालय खोल्दा कार्यापालिकाले धरौटी छुट दिन सक्नेछ ।

९. धरौटी रकम जम्मा गरिने: (१) विद्यालयले दफा ८ बमोजिमको धरौटी बापतको रकम सम्बन्धित विद्यालयको नाममा मुद्दती खाता खोली सोही खातामा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खातामा रहेको रकम नगरपालिकाकाको अनुमति विना खर्च गर्न पाईने छैन ।

१०. सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन वमोजिम पालना गर्नुपर्ने छ ।

११. नगरपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

१२. वाल गृहको संचालन:नगरपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह संचालन गर्न पाउनेछ । वाल गृह संचालनको लागि आवश्यक प्रकृया शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

१३. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने:नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय , वाचनालय तथा प्रतिभा संरक्षण केन्द्र सञ्चालन हुन सक्नेछ ।

१४. नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :

(१) नगरकार्यपालिकाले तोकिए वमोजिम विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने छ ।

१५.नगर शिक्षा समिति सम्बन्धी व्यवस्था:

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :-

(क) नगर प्रमुख वा निजले तोकेको कार्यपालिकाको सदस्य -अध्यक्ष

(ख) नगर कार्यपालिकाले आफू मध्येबाट छनौट गरेका नगर कार्यपालिकाका महिला तथा दलित सदस्य समेत २ जना -सदस्य

(घ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट समितिले तोकेको एक जना प्रधानध्यापक -सदस्य

(ङ) संस्थागत विद्यालयहरुको प्रतिनिधिमुलक संस्था मध्येवाट नगर प्रमुखले तोकेको प्रतिनिधी एक जना -सदस्य

(च) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाता, मध्येबाट नगरकार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला र एक दलित २ जना -सदस्य

छ) साधारण तथा प्राविधिक विद्यालयमा कार्यरत स्नात्तकोतर गरेका शिक्षकहरु मध्येबाट नगरकार्यपालिकाबाट मनोनित २ जना -सदस्य

ज) फरक क्षमता भएका शिक्षासंग सम्वन्धित व्यक्तिहरु मध्येवाटनगर प्रमुखले तोकेको प्रतिनिधी एक जना -सदस्य

(ज) नगरपालिकाको शिक्षा शाखा प्रमुख -सदस्य-सचिव

(२) समितिको बैंठक संचालन प्रकृया तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) अनुसार गठित नगर शिक्षा समितिको समयावधि २ वर्षको हुनेछ । तर नियुक्त सदस्यले पदीय आचरण पूरा नगरेमा नगर कार्यपालिकाले जुनसुकै समयमा हटाउन सक्नेछ । त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकावाट वञ्चित गरिने छैन ।

(४) शिक्षा शाखा प्रमुख नगर कार्यपालिकाले चयन गर्नेछ जसको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

(५)नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

१६. **विद्यालय व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) अभिभवाकहरुले आफूमध्येबाट छानि पठाएको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट छानिएका कम्तीमा दुई महिला सहित ४ जना -सदस्य

(ग) विद्यालयका संस्थापक, बुद्धिजिवी, चन्दादाताहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको महिला र दलित दुईजना -सदस्य

(घ) स्थानीय शिक्षाप्रेमी मध्येबाट नगरशिक्षा समितिले मनोनित गरेको एक जना-सदस्य

(ङ) शिक्षकहरुले आफुमध्येवाट छानी पठाएको शिक्षक एक जना -सदस्य

(च) सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले तोकेको वडा सदस्य एक जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

वडा समितिले वडा वडा सदस्यलाई समतिको सदस्य तोकेको भएमा वडा अध्यक्षले वडा अन्तर्गतका विद्यालयहरुको संरक्षकको रुपमा रहनेछन् ।

(विद्यालयको उच्चतम कक्षाको विद्यार्थीहरु मध्येबाट एक जना छात्र र एक जना छात्रा गरी २ जना, शिक्षक अभिभावक संघको अध्यक्ष र विद्यालय निरीक्षकलाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागिता गराउनु पर्नेछ ।)

(२) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) विद्यालयलाई शान्ती क्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनु पर्नेछ ।

(४) व्यवस्थापन समितिको गठन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछः-

१७. **शुल्क तथा सहयोगबाट प्राप्त रकमः** (१) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले विद्यालयको विकासका लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ । यसका साथै कुनै अभिभावकले आफ्नो खुसीराजीले आफ्नो सन्ततिका लागि शिक्षण शुल्क, खेलकुद् शुल्क, मनोपरामर्श शुल्क, परीक्षा शुल्कलगायत अन्य शुल्कहरु दिन ईच्छा गरेमा विद्यालयले लिन सक्नेछ  तर त्यस्तो शुल्कको सदुपयोगको सुनिश्चितता गरिनेछ ।

३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाबाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्ने छ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्ने छ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले जरिवाना गर्नसक्ने छ ।

१८. विद्यालयलाई छुट र सुविधाः(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनिसामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममाजुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

१९. नगरपालिकाले निर्देशन दिन सक्नेः (१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिनसक्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

२०. विद्यालयलाई शान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्ने

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछ ।

२१. बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

२२. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन

(१) कसैले पनि यस ऐनबमोजिम अनुमति नलिई नगरपालिका क्षेत्रमा शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिनेसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२३.नगरपालिकाले शैक्षिक गुणस्तर मापन र एकरुपताका लागि कक्षा ८ को वार्षिक परीक्षा लगायत आधारभूत तहका अन्य कक्षाको परीक्षा लिई स्तरमापन गर्नसक्ने छ ।

२४.प्रगति विवरण बुझाउनु पर्नेः संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरणसहितको प्रगति विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

२५. नगर शिक्षा कोषः(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न नगरशिक्षा विकास कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहायबमोजिमको रकम रहन सक्नेछ :

(क) संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन नगरपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर शिक्षा समितिले स्थानीय शिक्षाविद् तथा शिक्षा अधिकृत रहेको समितिबाट हुनेछ ।

२६. दण्ड सजायः- दण्ड सजाय तोकिए बमोजिम हुनेछ ।

२७. पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानुनबमोजिम पुनरावेदन लाग्नेछ ।

२८. नियम बनाउने अधिकारः(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक शिक्षा नियमावली, बनाउन सक्नेछ ।

२९. संक्रमणकालीन व्यवस्थाः(१) यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगरकार्यपालिकाले गर्नसक्ने छ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति नगरकार्यपालिकाले दिनसक्ने र यसको कार्यबिधि तोकिए बमोजिम हुनेछ छ ।

३०. बाधा अडकाउ फुकाउने अधिकारःयस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधाअड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधाअड्काउ हटाउन आदेश जारी गर्नसक्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर यस्तो आदेश नगरकार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वतः निस्क्रिय हुनेछ ।

३१. विनियम, कार्यविधि र निर्देशिका बनाई लागु गर्न सकिनेः शैक्षिक सुधारका निम्ति देहायबमोजिमका बिषयमा नगर कार्यपालिकाले विनियम, कार्यविधि निर्देशिका बनाई लागु गर्न सकिनेछ :

(१) असल शिक्षक प्रोत्साहन,

(२) अनाथ एवम् सडक बालबालिका शैक्षिक सहयोग,

(३) विपन्न समुदायका बालबालिकाका लागि शैक्षिक सहयोग एवम् दिवा खाजा,

(४) एकमुष्ठ अनुदानमा आधारित विद्यालय सञ्चालन,

(५) नमुना विद्यालय छनोट र विकास,

(६) गरिवीको रेखामनि रहेका परिवारका बालबालिकाका लागि शैक्षिक प्रोत्साहन,

(७) शिक्षक दरबन्दी व्यवस्थापन एवम् मिलान,

(८) विद्यार्थीका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन,

(९) शैक्षिक क्यालेन्डर तथा शैक्षिक पुस्तिका प्रकाशन,

(१०) भौचर प्रणालीमा आधारित शिक्षा,

(११) नगर शिक्षा परिषद् गठन,

(१२) गुणस्तरीय शिक्षाका लागि अनुदान,

(१३) अनिवार्य शिक्षा कार्यान्वयन,

(१४) एक माध्यमिक विद्यालय एक संकायलाई प्रोत्साहन

(१५) विद्यार्थी संख्या अभिबृद्धि कार्यक्रम,

(१६) अन्तरविद्यालय सहयोग कार्यक्रम,

(१७) विशेष शिक्षा नमुना कार्यक्रम

१८) प्राविधिक शिक्षा नमुना कार्यक्रम

१९) शैक्षिक स्वयम् सेवक कार्यक्रम ।

२०) छोटो अवधिको शिक्षक तालिम ।

३२. बचाउ र लागू नहुनेः(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोहीबमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

(४) यसअघि कानुनबमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकारले दिदै आएको सुविधामा कुनै किसिमको कटौति गरिने छैन तर यस व्यवस्थाले कानुनबमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन ।

(५) यस ऐनमा उल्लेख भएका कुराहरु संघीय र प्रादेशिक शिक्षा ऐनसँग बाझिएमा स्वतः खारेज हुनेछन् ।

.........................

(काशीचन्द्र बराल)

नगरप्रमुख

रास्कोट नगरपालिका

रास्कोट, कालिकोट

कर्णाली प्रदेश, नेपाल

प्रमाणिकरण मितिः इति सम्बत २०७४ साल चैत्र २८ गते रोज ४ शुभम् ।